# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ११ जून २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री श्री मोदीले योगलाई आफ्नो जीवनको अभिन्न अङ्ग बनाउन सबै प्रतिबद्ध हुनुपर्ने र यसलाई आफ्नो जीवनको अभिन्न अङ्ग बनाउन अरुलाई पनि प्रोत्साहित गर्नुपर्ने बताउनु भएको छ ।

२. केन्द्र सरकारले जुन महिनाको लागि राज्यहरूको लागी एक लाख ३९ हजार सात सय पचास करोड रुपिया बराबरको कर धनराशी जारी गरेको छ।

३. इलेक्ट्रोनिक्स तथा आईटी राज्यमन्त्री जितिन प्रसादले आईटी उधोगले विगत १० वर्षमा ठूलो बिकास र परिवर्तन देखेको बताउनु भएको छ ।

४. दार्जीलिङमा एक नाबालिक छात्रामाथि शिक्षकले गरेको शारीरिक अनि मानसिक दुर्व्यवहारको मुद्दालाई लिएर आजभारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले उचित न्यायको मांग गर्दै दार्जीलिङ पुलिस अधिक्षकसित भेट गरेका छन्।

**प्रधानमंत्री नरेंद्र मोदी - दशौ अंतर्राष्ट्रीय योग दिवस**

प्रधानमन्त्री नरेन्द्र मोदीले दशौ अन्तर्राष्ट्रिय योग दिवसको सम्मुखिन वैश्विक उत्साह जगाउनु भएको छ सश्री मोदीले सामाजिक सञ्जालमा लेख्नुभएको छ -ए श्योग एक शाश्वत अभ्यास हो । जसले एकता र सद्भावको सन्देश दिन्छ । उहाँले विविध संस्कृति र क्षेत्रहरूलाई जोड्ने उल्लेखनीय सम्भावनामाथि प्रकाश पार्नुहुदै योगले विश्वका लाखौं मानिसहरूलाई समग्र कल्याणको खोजीमा एकताबद्ध गरेको बताउनुभएको छ । प्रधानमन्त्री श्री मोदीले योगलाई आफ्नो जीवनको अभिन्न अङ्ग बनाउन सबै प्रतिबद्ध हुनुपर्ने र यसलाई आफ्नो जीवनको अभिन्न अङ्ग बनाउन अरुलाई पनि प्रोत्साहित गर्नुपर्ने बताउनु भएको छ । उहाँले योगले शान्ति र धैर्यका साथ जीवनका चुनौतीहरूको सामना गर्न सक्षम तुल्याउने बताउनु भएको छ ।आउदो २१ जुनको दिन मनाइने १० औं अन्तर्राष्ट्रिय योग दिवसलाई लिएर देशमा ठूलो उत्साह देखिएको छ ।

****** ० ******

**केंद्र सरकार कर धनराशि जारी**

केन्द्र सरकारले जुन महिनाको लागि राज्यहरूलाई एक लाख ३९ हजार सात सय पचास करोड रुपिया बराबरको कर धनराशी जारी गरेको छ। यो धन राशीले राज्य सरकारलाई विकास र पुँजी सम्बन्धि खर्चलाई गति दिन सहयोग पुग्ने वित्त मन्त्रालयले जनाएको छ । उत्तर प्रदेशलाई सर्वाधिक २५ हजार करोड रुपियाँ दिइएको छ । सन् २०२४-२५ को अन्तरिम बजेटमा राज्यहरूलाई कर स्थानान्तरणका लागि १२ लाख करोड रुपियाँ भन्दा अधिकको प्रावधान गरिएको छ। वित्त मन्त्रालय अनुसार यो किस्तासँगै केन्द्र सरकारले १० जुन २०२४ सम्ममा राज्यहरूलाई दुई लाख ७९ हजार करोड भन्दा अधिक धन राशी दिईएको छ ।

****** ० ******

विश्वविद्यालय अनुदान आयोग -यूजीसी

विश्वविद्यालय अनुदान आयोग युजीसी ले आगामी शैक्षिक सत्रदेखि उच्च शैक्षिक संस्थालाई वर्षमा दुई पटक विद्यार्थी भर्ना गर्न दिने नीतिगत निर्णय गरेको छ । हाल विश्वविद्यालय अनुदान आयोग (यूजीसी) ले एक वर्षमा एउटा शैक्षिक सत्रमा भर्ना गर्ने

अनुमति दिदछ ।     यूजीसीका अध्यक्ष प्रोफेसर एम जगदीश कुमारले भन्नुभएको छ -  श्यसले ती विद्यार्थीहरूलाई फाइदा पुर्याउछ जसको बोर्ड परिणाम घोषणा गर्न ढिलाइ भएको छ वा जो स्वास्थ्य समस्या वा व्यक्तिगत कारणले भर्ना हुन बाट बञ्चित छन्।

****** ० ******

ओडिशा- नयाँ मुख्यमन्त्री

भारतीय जनता पार्टीका वरिष्ठ विधायक मोहनचरण माझी ओडिशाको नयाँ मुख्यमन्त्री बन्ने भएका छन् । भारतीय जनता पार्टीको विधायक दलले दुई केन्द्रीय पर्यवेक्षकए केन्द्रीय मन्त्रीहरू राजनाथ सिंह र भूपेन्द्र यादवको उपस्थितिमा ५२ वर्षीय माझीलाई सर्वसम्मतिले  आफ्नो नेताको रूपमा चयन गरेको हो। मोहनचरण माझी केन्झारबाट चार पटक विधायक भएका छन् । उहा  सन् २००० , २००४, २०१९ र २०२४ मा उडिसा विधान सभाका लागि निर्वाचित भएका थिए। भाजपाले कनक वर्द्धन सिंह देव र प्रावती परिदालाई  उपमुख्यमन्त्री बनाउने निर्णय गरेको छ ।

****** ० ******

**सर्वोच्च न्यायालय – एन.ई.ई.टी. यू.जी. २०२४ परीक्षा**

सर्वोच्च न्यायालयले एन.ई.ई.टी. यू.जी. २०२४ परीक्षा पछि मेडिकल कार्यक्रमहरूमा भर्ती  परामर्श प्रक्रियामा रोक लगाउन अस्वीकार गरेको छ। न्यायालयले नेशनल टेस्टिङ एजेन्सी (एन.टी.ए) र अन्यसँग यस वर्षको  ५ मईमा आयोजित एन.ई.ई.टी यू.जी परीक्षा रद्द गर्ने  माग गर्दै दर्ता  गरिएको याचिकामा जवाफ मागेको छ।  यस मामिलाको अघिल्लो  सुनवाई 8 जुलाईमा हुनेछ तथा यसलाई अझै एउटा लम्बित याचिकासित टैग गरिनेछ स परीक्षामा संलग्न अनियमितता र ठगीको शीघ्र र गहन जाच  गर्न इच्छुक युवा  विद्यार्थीहरूले यो याचिका दर्ता  गरेका छन्। साथै परीक्षाको परिणाम  फिर्ता लिन र नयाँ परीक्षा सञ्चालन गर्न समेत माग गरिएको छ ।

****** ० ******

**अश्विनी वैष्णव रेल और सूचना एवं प्रसारण मंत्री**

अश्विनी वैष्णवले  आज नयाँ  दिल्लीमा रेल तथा  सूचना एवं प्रसारण मंत्रीको पदभार सम्हाल्नुभएको छ स श्री  वैष्णवलाई सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगन र सूचना तथा प्रसारण मन्त्रालयका सचिव सञ्जय जाजुले स्वागत जनाएका थिए । पदभार ग्रहण पछि पत्रकारहरूसँग बातचित गर्नुहुदै श्री वैष्णवले भन्नुभयो -  ष्जनताले फेरि एक पटक प्रधानमन्त्री नरेन्द्र मोदीलाई देशको सेवा गर्न आशीर्वाद दिएका छन्। उहाले अझ भन्नुभयो -  श्विगत १० वर्षमा श्री मोदीले जनताको जीवनमा ठूलो परिवर्तन ल्यानुभएको छ  । उहाले अर्थ व्यवस्थालाई ११ औं स्थानबाट पाँचौं स्थानमा पुर्याउनु भएको छ  ।

****** ० ******

**कैबिनेट मंत्री किरण रिजिजू**

कैबिनेट मंत्री किरेन रिजिजू ले  आज नई दिल्लीमा  अल्पसंख्यक मामिला मंत्रालयको  कार्यभार सम्हाल्नुभएको छ । पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुदै  रिजिजूले श्प्रधानमन्त्री नरेन्द्र मोदीको श्सबका साथ सबका विकासश्  को मन्त्र मन्त्रालयको कामकाजका लागि महत्वपूर्ण रहेको बताउनुभएको छ छ ।

****** ० ******

**तेलुगु देशम पार्टी - प्रमुख एन. चंद्रबाबू नायडू**

तेलुगु देशम पार्टीका प्रमुख एन चन्द्रबाबू नायडु आन्ध्र प्रदेश विधानसभामा एनडीएको नेता निर्वाचित हुनुभएको छ । विजयवाडामा भएको तेदेपाए  जनसेना र भाजपा विधायकहरूको बैठकमा विधायकहरूले सर्वसम्मतिले श्री नायडुलाई आफ्नो नेता चयन गरेको छ । आन्ध्र प्रदेशमा एनडीएले १६४ सिट सहित  बहुमत प्राप्त गरेको छ ।

****** ० ******

**इलेक्ट्रॉनिक्स तथा आईटी राज्य मंत्री जितिन प्रसाद**

इलेक्ट्रोनिक्स र आईटी राज्यमन्त्री जितिन प्रसादले भन्नुभएको छ - आईटी उधोगले विगत १० वर्षमा ठूलो बिकास र परिवर्तन देखेको छ र सरकार भारतलाई विश्वव्यापी आईटी र टेक्नोलोजी हब बनाउन चाहन्छ। आफ्नो मन्त्रालयको कार्यभार सम्हालेपछि पत्रकारहरु संग बातचित गर्नुहुदै श्रीप्रसादले इलेक्ट्रोनिक्स र आईटी वर्तमान समयमा विशेष गरी दक्ष युवाहरूका लागि एक महत्वपूर्ण विभाग भएको बताउनु भएको छ ।

****** ० ******

**चुनाव परिणाम -हिंसा**

लोकसभा चुनावको परिणामपछि पश्चिम बङ्गालका विभिन्न जिल्लामा हिंसा जारी छ। एकातर्फ कुचबिहारमा तृणमूल समर्थकमाथि गोली चलाएको आरोप लागेको छ भने अर्कोतर्फ तृणमूल कङ्ग्रेसले काकद्वीपमा एक भाजपा कार्यकर्ताको घरमा तोडफोड गरेको र उनकी छोरीलाई अपहरण गर्ने धम्की दिएको आरोप लगाइएको छ।हिज राति कुचबिहार को नम्बर १ ग्राम पंचायतको कोयालिदह क्षेत्रमा उपद्रवीहरूले तृणमूल समर्थकमाथि आक्रमण गरेको आरोप लगाइएको छ।

****** ० ******

**गोरुबथान -पर्यटन**

पर्यटन मानचित्रमा कालेबुंगको गोरुबथानमा केही वर्षदेखि पर्यटन बिस्तारको दिशामा कतिपय कार्यहरु भईरहेको जान्नमा आएको छ स यहाको नातीसितोष्ण मौसमए अनि सम्पर्क सुविधा भएको कारण गोरुबथान पर्यटनको निम्ति निकै अनुकूल ठाउँ बन्दै गइरहेको छ । तर यस क्षेत्रमा खुलेर लगानी गर्ने निवेशकर्ताए सम्बन्धित विभागको सकारात्मक नजर नपरेको कारण यहा पर्यटन व्यवसाय फस्ताउना भने सको छैन स यधपीए यहाँको दालिम गढीलाई पश्चिम बंगाल हेरिटेज कमिशनले आफ्नो अधिनमा लिएर यसको पुनरुद्धार र सुन्दरीकरणको पहल गरिरहेको छ। यसमा थप जोड दिन मायल्याण्ड लेप्चा विकाश वोर्ड पनि अघि आएको छ। अन्तिम लेप्चा राजा ग्याबो आचुकको किल्ला मानिने दालिम गढीमा तिनको विशालकाय मूर्ति स्थापित गरिने परियोजना रहेको छ। यसको निम्ति हिज मायाल्याण्ड लेप्चा विकाश वोर्डका नवनिर्वाचित चेयरमेन तथा कालेबुंगका विधायक रुदेन सादा लेप्चाले एउटा प्राविधिक टोलि सहित क्षेत्रको स्थलगत भ्रमण गर्नुहुदै भावी योजनाहरु बारे चर्चा गरेको जानकारी प्राप्त भएको छ ।

****** ० ******

**मिरिक - राष्ट्रिय स्तर**

मिरिकको लुईस अंग्रेजी स्कूलका बाह्रजना भलिबल खेलाडीहरूले राष्ट्रिय स्तरको भलिबल खेलमा प्रतिस्पर्धा गर्ने भएको छ। यी बाह्रजना खेलाडीहरूले आगामी सितम्बर महिनामा तामिलनाडुमा हुने अण्डर १७ र अण्डर १४ को राष्ट्रिय स्तरको भलिबल प्रतियोगितामा सहभागीता जनाउने भएका छन्।

****** ० ******

**मिरिक ग्राम पंचायत**

मिरिक पन्चायत समितिका सभापति कैलाश खवास अनि शिक्षा औ संस्कृति विभागिय कर्मध्यक्ष मन्दीप तामाङले पहिलो गाउ स्कुल डाडा ग्राम पंचायत दुई अन्तर्गत मिरिक बस्ती जिम्बा गाउँको भ्रमण गरी त्यहाँका कर्मशील युवाहरुले शुरू गरेका पर्माकल्चर अर्गानिक फार्म बारे जानकारी लिनुभएको छ । यो फार्मले केही स्थानीय युवाहरुलाई स्वरोजगारको बाटो तय गरेको

मनदीप तामांगले बताउनु भएको छ । यहाँ प्रयोग हुने ईन्धनको रुपमा पुर्णरुपमा बायोग्यासए सोलर उर्जा औ वाटर हार्भेष्टींग विज्ञान सम्मत प्रयोगमा ल्याईएको छ। मिरिक पन्चायत समितिले पनि यस्तै प्रकारको सामुदायिक विकास कार्ययोजनालाई प्रोत्साहन दिने योजना बनाएको थप जानकारी श्री तामांगले दिनुभएको छ ।

****** ० ******

**दिलाराम - समर क्याम्प**

आज दिलराम सन्त जेभियर्स उच्चत्तर माध्यमिक विद्यालयमा समर क्याम्प प्रोजेक्ट अन्तर्गत सेभ वाटर विषयमाथि सचेतना क्रार्यक्रमको आयोजना गरियो । यस सचेतना क्रार्यक्रममा भूमि संरक्षण विभाग दिलरामका रेन्जर अफिसर एलबी सुनुवारद्वारा विद्यार्थीहरूलाई जल संरक्षण विषयमा जानकारी प्रदान गरियो स विद्यालयका प्रधान अध्यापक अनिल शर्माद्वारा सञ्चालन गरिएको कार्यक्रममा विद्यार्थीहरूए शिक्षक एवम् शिक्षिका साथै भूमि संरक्षण बनविभागका रेञ्ज अफिसर लगायत कर्मचारीहरुको संयुक्त सहभागितामा एक सचेतना रैलीको आयोजना गरियो जहा बिधार्थीहरुले सेभ वाटर विषयमाथि लेखिएका विभिन्न प्लकार्डहरू बोकेर जल संरक्षणमाथि नाराहरू लगाउँदै दिलाराम वरिपरि परिक्रमा गगरेका थिए ।

****** ० ******

****** ० ******

**<u>ममता-बिरसा मुंडा</u>**

राज्यका मुख्यमंत्री

****** ० ******

**<u>तृणमूल-जश्न</u>**

राज्यका सत्तारूढ़

****** ० ******

**<u>पश्चिम बंगाल-गिरफ्तारी</u>**

पश्चिम बंगाल पुलिसले

****** ० ******

**<u>गंगारामपुर- विरोध</u>**

दक्षिण दिनाजपुर

****** ० ******

**<u>गोर्खा जन पुस्ताकालय</u>**

भारतीय गोर्खाहरूको

****** ० ******

**<u>बिमल गुरुङ मिरिक भ्रमण</u>**

गोर्खा जनमुक्ति

****** ० ******

**<u>सडक जिर्नोधार</u>**

तकदाह टिस्टा

****** ० ******

**<u>ओकेटी चिया रोपाई</u>**

पर्यावरणको

****** ० ******

**<u>घैयाबारी सम्बर्धना</u>**

तीनधारे महानदी

****** ० ******

**कालचिनी हात्तीको आक्रामण**

कालचिनी खण्डको

****** ० ******

**बीएसएफ–अफगानी पक्राउ**

कुचबिहार जिल्लामा

****** ० ******

**आईएमडी मौसम–शब्द**

मौसम विभागले पूर्वी

****** ० ******

**पुस्तक लोकार्पण**

खरसाङ्की कथाकार

****** ० ******

**स्वास्थ्य जाच शिविर**

गैर सरकारी संस्था

****** ० ******

************